**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**तथा बूढानीलकण्ठ स्कुल, काठमाडौं**

## बूढानीलकण्ठ स्कुल तथा साझेदारी कार्यक्रमअन्तर्गतको

## छात्रवृत्ति परीक्षासम्बन्धी सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत बूढानीलकण्ठ स्कुल, काठमाडौं तथा साझेदारी कार्यक्रममा सहभागी विद्यालयहरूमा विपन्न समुदायका जेहेन्दार बालबालिकाहरूलाई छात्रवृत्ति कार्यक्रमअन्तर्गत आवासीय रूपमा निःशुल्क वा सहुलियत शुल्कमा अध्ययन गर्नका लागि तपसिलबमोजिमको सूचना प्रकाशित गरिएको छ ।

१. कक्षा ५ देखि अध्ययनका लागि वि.सं. २०६७ वा २०६८ सालमा जन्म भई कम्तीमा २ वर्ष अगाडिदेखि स्थानीय सामुदायिक विद्यालयमा नियमित रूपमा अध्ययन गरी शैक्षिक सत्र २०७७ मा कक्षा ४ अध्ययन पुरा गरेका छात्र-छात्रामध्ये विभिन्न भौगोलिक क्षेत्र तथा लक्षित समुदायसमेतको प्रतिनिधित्व हुने गरी खुला प्रतियोगितात्मक परीक्षाबाट विद्यार्थी छनोट गरिनेछ ।

२. गत वर्ष कोभिड - १९ का कारण छात्रवृत्ति परीक्षा हुन नसकेकाले कक्षा ६ देखि अध्ययनका लागि वि.सं. २०६६ वा २०६७ सालमा जन्म भई कम्तीमा ३ वर्ष अगाडिदेखि स्थानीय सामुदायिक विद्यालयमा नियमितरूपमा अध्ययन गरेका शैक्षिक सत्र २०७७ मा कक्षा ५ मा अध्ययन गरेका छात्र-छात्रा मध्येबाट खुला प्रतियोगितात्मक परीक्षाबाट विद्यार्थी छनोट गरिनेछ ।

**दरखास्त फाराम** bnks.edu.np वा doe.gov.np बाट डाउनलोड गरी रीतपूर्वक भरेर दरखास्त फाराममा तोकिएबमोजिम सिफारिस तथा प्रमाणित गराई आवश्यक कागजातसहित आफूलाई पायक पर्ने परीक्षाकेन्द्रमा परीक्षा सुरु हुनु अगावै बुझाउनुपर्नेछ ।

**परीक्षा मिति र समय** : २०७८ श्रावण ३० गते शनिवार, बिहान ११:०० बजे

**परीक्षाको किसिम :** लिखित

**पाठ्यक्रम : कक्षा ५ का लागि :** कक्षा ३ र ४ को नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक शिक्षा र सामान्य ज्ञान (४० प्रतिशत वस्तुगत र ६० प्रतिशत विषयगत)
**कक्षा ६ का लागि :** कक्षा ४ र ५ को नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक शिक्षा र सामान्य ज्ञान (४० प्रतिशत वस्तुगत र ६० प्रतिशत विषयगत)

**परीक्षा केन्द्र :** इलाम, बिराटनगर, हिले (धनकुटा), गाईघाट (उदयपुर), राजविराज, जनकपुर, लालबन्दी, कलैया, खुर्कोट (सिन्धुली), दोलालघाट, काठमाडौं (बूढानीलकण्ठ स्कुल), हेटौंडा, गोरखा, बेसीसहर, पोखरा, बेनी, बुटवल, घोराही, नेपालगञ्ज, बिरेन्द्रनगर, चौरजहारी, जुम्ला, अत्तरिया र डडेलधुरा

**खुला तथा आरक्षण सिटको सङ्ख्या निम्नानुसार हुनेछ (कक्षा ५ र ६):**
कुल सिटमध्ये ५०% छात्राहरू रहनेछन् । खुला र आरक्षणतर्फ एक जिल्लाबाट एक जना नदोहोरिने गरी छनोट गरिनेछ ।
**बूढानीलकण्ठ स्कुलका निमित्त :** खुला सिट : २० आरक्षण सिट : २० (लोपोन्मोख -२,
दलित -४, मुस्लिम -१, मधेसी- ४, आदिवासी/जनजाति - ५, पिछडिएको क्षेत्र-२ र द्वन्द्वपीडित - २)
बूढानीलकण्ठ नगरपालिका भित्रका - २ जना (१ जना छात्र र १ जना छात्रा)

**साझेदारी कार्यक्रमअन्तगर्तका साझेदारी स्कुलका निमित्त उपलब्ध भएसम्म जिल्ला नदोहोरिने गरी जम्मा ७७ जना विद्यार्थी छनोट गरिनेछ ।**

**आवेदन दस्तुर :** रु. १००/- (एक सय मात्र)

**दरखास्त फारामको साथमा निम्नानुसारका कागजातहरू पेस गर्नुपर्नेछ :**

(१) रीतपूर्वक भरी दस्तखत गरी प्रमाणित गरिएको आवेदन फाराम ।

(२) विपन्नताको कारणसमेत खुलाई सम्बन्धित वडा कार्यालय वा स्थानीय तहले छात्रवृत्तिका लागि प्रदान गरेको सिफारिस पत्र ।

(३) स्थानीय पञ्जिकाधिकारीले प्रदान गरेको विद्यार्थीको जन्म-दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

(४) कक्षा ५ को लागि कक्षा ४ उत्तिर्ण सर्टिफिकेट र कक्षा ६ को लागि कक्षा ५ उत्तिर्ण सर्टिफिकेट ।

(५) विद्यार्थीको बाबु आमा दुबैको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । यदि बाबु आमा बाहेक अन्य व्यक्ति संरक्षक भए आधिकारिक निकायबाट विद्यार्थीसँगको नाता खुलाइएको प्रमाणपत्र र निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(६) आरक्षित गरिएको स्थानमा उम्मेदवार हुन चाहने व्यक्तिले आफ्नो थर नेपाल सरकारले सार्वजनिक गरेको सूचीमा पर्ने भएमा सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट वा सम्बन्धित आधिकारिक निकायको सिफारिस-पत्र पेस गर्नुपर्नेछ ।

(७) पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले सम्बन्धित वडा कार्यालय वा स्थानीय तहबाट हालसम्म सोही स्थानमा स्थायी बसोवास रहेको र निज विद्यार्थीले स्थानीय सामुदायिक विद्यालयमा अध्ययन गरेको भनी खुलाइएको सिफारिस पत्र ।

(८) द्वन्दपीडितका हकमा बाबु आमा द्वन्द पीडित भएको प्रमाण खुल्ने आधिकारिक निकायबाट जारी गरिएको प्रमाणपत्र ।

(९) हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको २ प्रति फोटो ।

**छात्रवृत्ति परीक्षाका लागि आवेदन फाराम bnks.edu.np वा doe.gov.np बाट प्राप्त गर्न सकिनेछ ।**

**पुनश्च : कुनै विषम परिस्थितिका कारण तोकिएको समयमा परीक्षा सञ्चालन हुन नसकेमा परीक्षा केन्द्र र समय तालिका हेरफेर हुन सक्नेछ । सोको जानकारी स्कुलको वेभसाइट bnks.edu.np मा गराइनेछ ।**

**सम्पर्क नं :**

४३७०२४८ ( अफिस)

९८५१०७८९१७ ( श्री अतिराम के.सी., Scholarship Coordinator)